श्री
# मकवानपुर जिल्ला अदालत
# हेटौंडा
## (तहसिल शाखा)

दोश्रो पटक प्रकाशित मितिः-२०७७/०६/०२

सूचना नं.-१ (२०७७/०७८)

उपर्युक्त सम्बन्धमा यस अदालतको जिन्सीमा आम्दानी बाँधी राखिएका, मकवानपुर जिल्ला अदालतको परिसर भित्र रहेका, हाल जे जस्तो अवस्थामा छन् सोही अवस्थाका तपसिलमा उल्लेखित जिन्सीका सवारी साधनहरु (मोटरसाइकल/स्कुटर) लिलाम बढाबढको लागि पहिलो पटकको लिलाम बढाबढको दिन लिलाम सकार गर्नका लागि कसैको पनि दरखास्त नपरेकोले जिल्ला अदालत नियमावली,२०७५ को नियम ९२ (१०) बमोजिम यो दोश्रो पटकको डाँक लिलामी सूचना प्रकाशन गरिएको छ ।लिलाम डाँक बढाबढ हुने दिन यस अदालतमा तपसिल बमोजिमको शर्तको अधीनमा रही लिलाम डाँक बढाबढमा सहभागी हुन ईच्छुक सम्बन्धित सबैमा यो सार्वजनिक सूचना प्रकाशन गरिएको छ।

तपसिल

१) यस सूचनामा उल्लेखित सवारी साधनहरुको लिलाम बढाबढ मिति २०७७/०६/१४ गते दिनको २ बजेदेखि ४ बजेसम्म मकवानपुर जिल्ला अदालतको तहसिल शाखामा हुनेछ।सो दिनको १० बजे देखि १२ बजे सम्म लिलाम डाँक बढाबढमा सहभागी हुनका लागि दरखास्तसाथ उपस्थित हुनुपर्नेछ।उक्त दिन सार्बजनिक विदा परेमा सो को भोलिपल्ट लिलाम डाँक बढाबढको कार्य माथि उल्लेखित समयमा अगाडि बढाईनेछ।

२) लिलाम बढाबढमा सहभागी हुने ब्यक्ति,संघसंस्था वा ब्यापारिक प्रतिष्ठानले आफ्नो नागरिकता, दर्ता प्रमाणपत्र,करचुक्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपि निवेदन साथै राख्नुपर्नेछ।

३) लिलामी हुने सवारी साधनहरुको न्यूनतम मूल्य रु.१,४८,०००/- (अक्षेरुपी एक लाख अठ्चालिस हजार रुपैयाँ) भन्दा बढीबाट डाँक लिलाम बढाबढ गर्नुपर्नेछ ।

४) लिलाम बढाबढमा सहभागी हुनेले लिलाम बोल्नु अघि न्यूनतम मुल्यको १० प्रतिशतले हुने नगद रकम सोही दिन धरौट वापत यस अदालतमा बुझाउनु पर्नेछ।

५) लिलाम बढाबढमा सबैभन्दा बढी बोलकबोल गर्ने ब्यक्ति/संघसंस्था/ब्यापारिक प्रतिष्ठानले लिलाम सकार गर्नु पर्नेछ।यसरी लिलाम सकार गरेको बाँकी रकम तुरुन्तै वा भोलिपल्ट यस अदालतमा नगदै बुझाउनु पर्नेछ र सो को रसीद यस अदालतमा पेश गर्नुपर्नेछ ।

६) सबैभन्दा बढी लिलाम डाँक बढाबढ गर्ने पहिलो पक्षले लिलाम सकार नगरेमा त्यसपछि दोश्रो र तेश्रो बढी रकम कबोल गर्ने पक्षलाई लिलाम सकार गर्न दिईनेछ ।

७) लिलाम सकार गरेको ७ दिनभित्र उल्लेखित मालसामान उठाई लैजानु पर्नेछ र ७ दिनभित्र उक्त मालसामान उठाई नलगेमा अदालतले उक्त मालसामानहरु जफत गर्न सक्नेछ।

८) लिलाम सकार गरिएको मालसामान पुनः प्रयोगमा आउने रहेछ भने वातावरणलाई प्रभाव नपर्ने गरी सम्बन्धित निकायमा दर्ता गरी वा अनुमति लिई प्रयोगमा ल्याउन सकिनेछ ।अनुमति वा दर्ता हुने/नहुने कुरा प्रचलित ऐन नियम अनुसार हुनेछ ।अनुमति तथा दर्ता गर्दा कानून बमोजिम लाग्ने शुल्क लिलाम सकार गर्ने पक्षले नै तिर्नु बुझाउनु पर्नेछ ।

९) लिलाम डाँक बढाबढको प्रकृयामा कुनै प्रकारको मिलेमतोमा वा कुनै त्रुटि,अनियमितता देखिएमा लिलाम सम्बन्धि सम्पूर्ण काम कारवाहीलाई बदर गर्ने लगायतका सम्पूर्ण अधिकार यस अदालतलाई हुनेछ ।

१०) यस सूचनामा कुनै कुरा छुट भएमा वा लिलाम सम्बन्धि कुनै निर्णय गर्नुपर्ने भएमा प्रचलित ऐन, कानून वा नियमावली तथा प्रचलित आर्थिक कार्यविधि ऐन तथा आर्थिक कार्यविधि नियमावली बमोजिम हुनेछ ।

११) लिलाम हुने सवारी साधनहरु (मोटरसाइकल/स्कुटर) को अवस्था हेर्न चाहेमा अदालत खुलेको समयमा यस अदालतको तहसिल शाखामा सम्पर्क गरी हेर्न सकिने छ ।

तहसिलदार
रा.प. तृतीय
तहसिलदार
२०७७/६/२

मकवानपुर जिल्ला अदालत, हेटौंडा

मिति २०७७/०६/१४ गते दोश्रो लिलामी हुने सवारी साधनहरु (मोटरसाइकल/स्कुटर)

| सि.नं. | जि.ल.नं. | सवारी साधन र सवारी नं. | च्यासिस नं. | ईन्जिन नं. | उत्पादन बर्ष | कायम मुल्य | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १. | १६ | बा. २१ प. ६८६२ Fire Blade मोटरसाइकल | LLCLF56A211007024 | LC161FMJO1156383 | 2000 | रु.३,०००/- | स्क्रयाप (पत्रू) |
| २. | ११८ | बा. ३९ प. ११९७ Appache मोटरसाइकल | MQ634KE63A2A19492 | OE6AA2019513 | 2009 | रु.४३,०००/- | दर्ता हुने। |
| ३. | १४६ | बा. ४५ प. ९६६८ पल्सर मोटरसाइकल | MD2DHDHZZTCL21436 | DHGBTL06335 | 2011 | रु.३५,०००/- | दर्ता हुने। |
| ४. | १९० | बा. ४८ प. २४६५ pulser मोटरसाइकल | ME138BO18B2038053 | 38B1038050 | 2011 | रु.५५,०००/- | दर्ता हुने। |
| ५. | १९१ | बा. ३० प. २८४५ XCD मोटरसाइकल | JAMBRD39384 | MA2DSZBZZRWD41841 | 2010 | रु.३,०००/- | स्क्रयाप (पत्रू) |
| ६ | ३५० | बा. ९ प. ९१२५ यामाहा मोटरसाइकल | OOD4L6308536 | 4LS308536 | 2000 | रु.३,०००/- | स्क्रयाप (पत्रू) |
| ७ | ४८८ | बा. १४ प. ९११४ हिरो होण्डा मोटरसाइकल | CFGBJF50680 | CFVBJF50614 | 2002 | रु.३,०००/- | स्क्रयाप (पत्रू) |
| ८. | ५१७ | बा. १८ प. ५७६७ टिभिएस मोटरसाइकल | OF1K41257286 | MD625AF1481KO3114 | 2004 | रु.३,०००/- | स्क्रयाप (पत्रू) |
| | | | | | जम्मा मुल्य | रु.१,४८,०००/- एक लाख अठचालिस हजार रुपैयाँ | |

तहसिलदार तहसिलदार

रा.प. तृतीय 2077/6/12